बैठक नं. १६

आ.व. २०८१/०८२

आज मिति २०८२/०३/०८ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण वहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

सोह्रौं कार्यपालिका बैठक

आ.व. २०८१/०८२

मितिः २०८२/०३/०८

समयः दिउसो १.०० बजे

स्थानः नगर कार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।

२. आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

३. आ.व. २०८१।८२ को आर्थिक बिधेयक एवम् करका आधार र दर सम्बन्धी प्रस्ताव सम्बन्धमा।

४.आ.व. २०८१।८२ को बिनियोजन बिधेयक र बजेट तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा।

५.लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

६.लेखा समितिको प्रतिवेदन सम्बन्धमा।

७.विविध

क. नगर यातायात गुरुयोजना स्वीकृति सम्बन्धमा।

ख. स्थानीय रोजगार रणनीति, २०८१ संशोधन सम्बन्धमा।

ग. जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा।

घ. आयोजनाहरुको फरफारक गर्ने सम्बन्धमा।

ङ. आर्थिक विकास समितिको प्रतिवेदन सम्बधमा।

च. सामजिक विकास समितिको प्रतिवेदन सम्बन्धमा।

छ. पूर्वाधार विकास समितिको प्रतिवेदन सम्बन्धमा।

ज. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा।

झ. सुशासन तथा संस्थागत समितिको प्रतिवेदन सम्बन्धमा।

निर्णय

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गरियो।

२. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट मस्यौदा तयार भई कार्यपालिकामा पेश भएको आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम नगर सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।

३. राजश्व परामर्श समितिको सिफारिस बमोजिम आ.व. २०८२।८३ को आर्थिक बिधेयक एवम् करका आधार र दर सम्बन्धी प्रस्ताव नगर सभामा पेश गर्न स्वीकृति दिने।

४. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट मस्यौदा तयार भई कार्यपालिकामा पेश भएको आ.व. २०८२।८३ को विनियोजन विधेयक र बजेट तथा कार्यक्रमको प्रस्ताव नगर सभामा पेश गर्न स्वीकृति दिने।

५. आ.व २०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरियो।

६. लेखा समितिका संयोजकद्वारा प्रस्तुत लेखा समितिको मिति २०८२/०३/०३ को प्रतिवेदन उपर छलफल गरियो। लेखा समितिको सिफारिस बमोजिम अन्तिम लेखा परीक्षणमा औंल्याएका तपसिल बमोजिमका बेरुजु फछ्यौंटका लागि नगरसभामा पेश गर्ने।

| क. सं. | आर्थिक वर्ष | बुदा नं. | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | २०७३/७४ | ८ | ९८३१००/ | |
| २ | २०७४/७५ | ९ | ४२१,५२४/ | |
| | | ४१ | ५००,०००/ | |
| ३. | २०७८/७९ | २१ | ५५,७०५/ | |
| | | २४ | २२०८,०००/ | |
| | | २५ | १५२,०००/ | |
| | | ३० | ६४३५०/ | |
| | | ३१ | ५००,७५०/ | |
| | | ३७ | २७,४०,५७२/ | |
| ४ | २०७९/८० | २३ | ५१,१६,३०८/ | |
| | | ४४ | ३५,८२२/ | |
| | | २० | ९३५९९/ | |
| | | २० | ३१,८२४/ | |
| ५ | २०८०/८१ | ३६ | २२६,०००/ | |
| | | ३८ | ४२,२०,७८३/ | |
| | | ४७ | ३२०,०००/ | |
| | | ५४ | १२,१७,७६०/ | |
| | | ५६ | १८,९९,९९९/ | |
| | | ५७ | २०७,५००/ | |
| | | ६१ | ११,९७,२३२/ | |
| | | ६४ | १६,६२,२६३/ | |
| | | ६५ | २९०,८८७।१७ | |
| | | जम्मा | २,४१,४५,९७८।१७ | |

७.विविधः

क. श्री गौमुखी इन्जिनियरिङ्ग सर्भिस प्रा.लि. ले तयार गरेको नगर गुरुयोजना (MTMP) उपर छलफल हुदाँ सदस्यहरुवाट आएका सुझावलाई समावेश गरी स्वीकृत गरी भुक्तानी गर्ने।

ख. नगरपालिका भित्रका स्थालीय स्रोत, साधनको एकीकृत प्रयोग गरी दिगो रोजगारीका अवसरहरु सिर्जना गर्दै आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने उद्देश्यले तयार गरिएको स्थानीय रोजगार रणनीति, २०८१ मा मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

ग. जिल्ला समन्वय समितिको कार्यालयबाट प्राप्त अनुगमन प्रतिवेदनमा उल्लेख भएका सुझावहरु उपर छलफल गरियो।

घ. आ.व. २०८१/०८२ मा उपभोक्ता समिति/ टोल विकास समिति र ठेक्का प्रक्रियाबाट निर्माण सम्पन्न भएका सवै आयोजनाहरु फरफारक गर्ने। साथै उपभोक्ता समिति/ टोल विकास संस्थाबाट निर्माण सम्पन्न भएका आयोजनाहरु सम्बन्धित समितिलाई हस्तान्तरण गर्ने।

ङ. आर्थिक विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८१/ ८२ को प्रतिवेदन उपर छलफल गरियो।

च. सामाजिक विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८१/ ८२ को प्रतिवेदन उपर छलफल गरियो।

छ. पूर्वाधार विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८१/ ८२ को प्रतिवेदन उपर छलफल गरियो।

ज. वन, वातावरण तथा विपद् विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८१/ ८२ को प्रतिवेदन उपर छलफल गरियो।

झ. सुशासन तथा संस्थागत विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८१/ ८२ को प्रतिवेदन उपर छलफल गरियो।